"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

०७८/७९
प.सं.:
च.नं. २१

मितिः २०७८/०४/०५

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश

श्री वडा कार्यालय सबै,
पाँचखाल नगरपालिका ।

विषयः सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. ०७८/७९ च.नं. ६१ मिति २०७८/०४/०३ को पत्रको व्यहोरा अवगत गर्नुभई चालु आर्थिक वर्षमा खाइपाई आउनुभएका सामाजिक सुरक्षा भत्ता लाभग्राहिहरुले आगामी वर्षमा पनि भत्ता प्राप्त गर्न लाभग्राहीले चालु आर्थिक वर्षको <u>भाद्र मसान्त</u> भित्र अनिवार्य नविकरण गर्नुपर्ने व्यवस्था भएकोले सम्पुर्ण सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुलाई सुचना गरी नविकरण गर्नु गराउनु हुन अनुरोध छ । साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको पत्र यसै पत्रसाथ संलग्न गरिएको छ ।

०७८/०४/०५
..............................
शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ,</u>
१. सुचना प्रविधि शाखाः सुचना वेभसाइट तथा सामाजिक सञ्जालमा पोष्ट गरिदिनुहुन ।

०७८/०४/०५

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 69

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

सिंहदरबार,
काठमाडौं, नेपाल
२०७८/०४/०३
मिति :..................

बिषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्वन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट बजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।
२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।
३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।
४. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।
५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८/०४/०३
(मेघ राज शंकर)
शाखा अधिकृत

पाँचखाल नगरकार्यपालिकाको कार्यालय
दर्ता मिति: २०७८/०४/०५
दर्ता नं.: 38

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np